नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल काठमाडौं,

## ३९ औं संरक्षित क्षेत्रका प्रमुखहरुको सम्मेलन तथा २१ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठक-२०७९ को लागि जारी गरिएको

## प्रेस-विज्ञप्ती

वि.सं. २०३७ सालमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना पश्चात् २०३८ साल देखि प्रत्येक वर्ष वार्डेन सेमीनार आयोजना गर्न थालिएको हो। निकुञ्ज तथा आरक्षहरुको मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र संरक्षण क्षेत्र व्यवस्थापन परिषद् गठन पश्चात् वि.सं. २०६० देखि संयुक्त रुपमा संरक्षित क्षेत्रका प्रमुखहरुको बैठक तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष/ संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का अध्यक्षहरुको भेला सम्वन्धित निकुञ्ज आरक्षमा तैनाथ नेपाली सेनाका गण/गुल्मका गणपती/गुल्मपतीहरुको समेत सहभागितामा नियमित रुपमा गरिदै आईएको छ। बिगतमा देशका विभिन्न संरक्षित क्षेत्र प्रणालि भित्रका विभिन्न स्थानहरुमा ३८ वटा वार्डेन सेमीनारहरु र २० वटा अध्यक्षहरुको बैठक सम्पन्न भईसकेका छन् भने आज ३९ औं वार्डेन सेमिनार तथा २१ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठक " वन्यजन्तु संरक्षणमा सहकार्य " भन्ने मुल नाराका साथ गोदावरी ललितपुरमा शुरु भएको यस सेमिनार तथा बैठक मिति २०७९/१२/१९ देखि २१ सम्म (तीन दिन) चल्नेछ। यस सेमिनार तथा बैठकको उद्घाटन कार्यक्रमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनवहादुर श्रेष्ठज्यूको प्रमुख आतिथ्यता तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकालको अध्यक्षतामा सम्पन्न भएको छ। उद्घाटन कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यू, वन तथा वातावरण मन्त्रालयका नि. सचिवज्यू, विभिन्न विश्वविद्यालयका डीनहरु, नेपाल सरकारका पूर्व सचिवज्यूहरु, वन तथा वातावरण मन्त्रालय तथा मातहतका विभागका सहसचिवहरु, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयका सहायक रथि, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशकज्यूहरु, संरक्षण साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधि, संचारकर्मीहरु लगायका महानुभावहरुको सहभागिता रहेको थियो।

हिमाल, पहाड र तराई क्षेत्रमा रहेका निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रमा गरिएका संरक्षणका प्रयासहरुको संरक्षणकर्मी, सुरक्षाकर्मी, मध्यवर्ती क्षेत्रका प्रतिनिधि बीच एक आपसमा अनुभवको आदान प्रदान गर्ने, हालसम्मका उपलब्धिको लेखाजोखा गर्दै संरक्षण का सरोकारवालाहरु बीच जैविक विविधता सम्बन्धी समसामयिक बिषयको थप संचार प्रवाह गरी प्रभावकारी रुपमा जैविक विविधता संरक्षणको लागि सबै सरोकारवालाहरुलाई अभिप्रेरित गर्ने र हाल नेपालका संरक्षण क्षेत्र प्रणाली अन्तरगत फिल्डस्तरमा देखिएका, भोगिएका र देखा पर्नसक्ने सवाल, समस्या र चुनौति एवं सम्भावनाहरु माथि प्रकाश पार्दै अनुभवको आधारमा भविष्यको मार्गचित्र पहिचान गर्न थप योगदान प्रदान गर्ने उद्देश्यका साथ सञ्चालन हुनेछ।

.....................

अजय कार्की

प्रवक्ता एवं उप-महानिर्देशक

मिति२०७९ साल चैत्र १९ गते, आईतबार